मिति: २०७५/०२/२८

# प्रेश विज्ञप्ति

युवा तथा खेलकुद मन्त्री माननीय जगत वहादुर सुनार विश्वकर्मा र नेपाल स्थित चिनियाँ राजदूत महामहिम यु होंगवीच आज युवा तथा खेलकुद मन्त्रालयमा शिष्टाचार भेट सम्पन्न भएको छ।

भेटको अवसरमा मन्त्री विश्वकर्माले नेपालको विकासमा चीन सरकारले सधैं सहयोग गर्दै आएको स्मरण गर्दै चीन सरकारलाई धन्यवाद व्यक्त गर्नुभयो। नेपालको नजिकको छिमेकी चीनले आर्थिक विकास र समृद्धिका क्षेत्रमा गरेको प्रगतिको प्रशंसा गर्दै मन्त्री विश्वकर्माले यसबाट नेपाल पनि लाभान्वित हुन सक्ने अवसर सिर्जना भएको वताउनुभयो। नेपाल एक चीन नीतिप्रति सदैव प्रतिवद्ध रहेको जनाउँदै मन्त्री विश्वकर्माले नेपाली भूमि छिमेकीका विरुद्धमा प्रयोग हुन नदिन सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

भेटघाटको अवसरमा महामहिम राजदूत होंगले चीनले नेपालको विकासमा सहकार्य गरिरहेको जनाउँदै युवा र खेलकुदको क्षेत्रमा पनि सहकार्य गर्न चाहेको वताउँनुभयो। उहाँले युवाहरु देशको भविष्य भएको हुँदा चीन सरकारले सधैं युवाको विकासलाई प्रथामिकता दिंदै आएको पनि वताउनुभयो।

राजदूत होंगले नेपालले अगामी वर्ष आयोजना गर्न लागेको दक्षिण एशियाली खेलकुदलाई मध्यनजर गर्दै भूकम्पबाट प्रभावित खेलकुदका संरचनाको निर्माण तथा पुननिर्माणमा चीनले सहयोग गर्न तयार रहेको वताउनुभयो। भूकम्पबाट क्षतिग्रस्त खेलकुदका संरचना निर्माणको कार्यलाई चीनले प्राथमिकता दिएको बताउँदै समयमै सम्पन्न गर्ने वातावरण निर्माणका लागि युवा तथा खेलकुद मन्त्रालयलाई अनुरोध गर्नुभयो।

सो अवसरमा मन्त्री विश्वकर्माले दक्षिण एशियाली खेलकुद प्रतियोगितलाई समयमै सम्पन्न गर्ने विषयलाई नेपाल सरकारले उच्च प्राथामिकतामा राखेको जानकारी दिंदै चीन सरकारले निर्माण गर्न लागेका संरचना निर्माणका लागि आवश्यक वातावरण निर्माण गर्न आफू निरन्तर लागिरहेको रहेको बताउनुभयो।

भेटघाटका क्रममा मन्त्रालयका सचिव मोहनकृष्ण सापकोटाले मन्त्रालयका युवा र खेलकुद विकासका क्षेत्रमा दुबै देशले गर्न सक्ने सहकार्यका बारेमा प्रकाश पार्नुभएको थियो।

महेन्द्र पौड्याल
सहायक प्रवक्ता
युवा तथा खेलकुद मन्त्रालय